# तिलागुफा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## गाल्जे कालीकोट

आर्थिक वर्ष २०८१।०८२ को
वार्षिक, बजेट, नीति तथा कार्यक्रम

**नगर सभाबाट स्वीकृत**

मिति २०८१।०३।१०

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

## १५ औं नगर सभामा प्रस्तुत आगामी आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट,नीति तथा कार्यक्रम

मिति २०८१।०३।१० गते

सभाध्यक्ष ज्यू,

सभाका सदस्य ज्यूहरु,

तिलागुफा नगरपालिकाको आगामी आ.व २०८१।०८२ को वार्षिक बजेट,नीति तथा कार्यक्रम पेश गर्ने यो गरिमामय १५ औं नगर सभामा म, संघीय लोकतान्त्रीक गणतन्त्र नेपाल स्थापना लगायत नेपालको राजनैतिक परिवर्तनको प्रमुख आन्दोलनका विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्न चाहन्छु ।त्यसैगरी नेपालमा भएका राजनैतिक परिवर्तनका विभिन्न आन्दोलनमा घाइते हुनुभएका योद्धाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।नेपालको संविधान २०७२ जारी भएपछि मुलुकमा संघीयता संस्थागत भएको छ र संविधानले परिकल्पना गरेका तीनै तह संघ, प्रदेश र स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भएको दुई वर्षका समयावधि व्यतित भईसकेको सन्दर्भमा संविधानले परिकल्पना गरेका संरचनाहरु स्थापना भई क्रियाशील हुँदै गएका छन् ।नेपालको संविधान २०७२ ले व्यवस्था गरेका नागरिकका मौलिकहकहरुको कार्यान्वयन गर्ने जिम्मेवारी तीनै तहका सरकारहरुको समानन्तर दायित्व रहेको छ र राजनैतिक आन्दोलनले पूर्णता पाईसकेको अवस्थामा अब जनताको आर्थिक सम्वृद्धि हाँसिल गर्ने राष्ट्रिय अभियानमा हाम्रो ध्यान केन्द्रित गर्नुपर्ने अवस्था हामी सामु आइपुगेका छ। अबको हाम्रो गन्तव्य भनेको आम नागरिकमा रहेको गरिवी निवारणका लागि आर्थिक सम्वृद्धि,सुशासन,सामाजिक समावेशीकरण,समावेशी विकास, सामाजिक न्याय सहितको स्रोत साधनमा समान वितरण हुन जरुरी छ । यस्तो महत्वपूर्ण घडिमा हुन गईरहेको १५ औं नगर सभाको उद्घाटन सत्रमा आफ्नो महत्वपूर्ण समयलाई व्यतित गरि सहभागी हुनु भएका सम्पूर्ण अतिथि महानुभावहरु प्रति हार्दिक अभार व्यक्त गर्न चाहन्छु । हाम्रो नगरपालिका साविकका पाँचवटा गा.वि.स. समायोजित भएको यो नगरपालिकामा विभिन्न जातजातिको मिश्रित बसोवास रहेको यस नगरपालिकामा ब्राह्मण, ठकूरी, क्षेत्री , दलित जातिको वाहुल्यता रहेको छ र प्रत्येक जाति अनुसार आ आफ्नो कला संस्कृति,भेषभूषा रहेको पाइन्छ ।नगरको सिंगो पहिचान बोकेका धर्म संस्कृति भेषभूषा र परम्परागत सम्पदाहरु नै यस नगरपालिकाका साझा सम्पत्ति हुन भन्ने हाम्रो बुझाई रहेको छ ।यस्ता सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्न हामी निर्वाचित जनप्रतिनिधिहरुको परम कर्तव्य हो । नेपालको संविधानले नेपाली जनताको सार्वभौमितकतालाई संवैधानिक ,कानूनी र व्यवहारिक रुपमा स्थापित गरिसकेको परिप्रेक्ष्यमा संविधान प्रदत्त हक अधिकारहरु तथा राज्य र स्थानीय सरकारबाट प्रदान गरिने सेवा सुविधाहरु सबै नगरबासी समक्ष पुऱ्याउन हाम्रो प्रमुख दायित्व हो । तथ्य, तर्क र कानूनका आधारमा नगरवासीका जायज माग तथा आवश्यकताहरुको सम्बोधन गर्ने परिपाटीलाई निरन्तरता दिनुको साथै लोकप्रियताका लागि मात्र नभई जनताका लागि आवश्यकताका आधारमा कार्य गर्न सकेमा मात्र नगरपालिका र जनप्रतिनिधिहरुको गरिमा उच्च हुनेमा दुई मत हुन सक्दैन भन्ने हाम्रो ठम्याई छ ।

वर्तमान युग सूचना प्रविधिको युग हो । सूचना प्रविधिको यथष्ट उपयोगबाट आज कैयौं मुलुकका साथै हाम्रो देशका स्थानीय तहहरुले उल्लेखिय प्रगति हाँसिल गरिसकेका छन् । यस परिप्रेक्ष्यमा अबको हाम्रो विकास सूचना र तथ्यांकको विश्लेषण र अनुसन्धानमा आधारित हुनुपर्दछ । यसका लागि नगरपालिकाको भूगोल जनसंख्या,प्राकृतिक श्रोत साधन,संस्कृति, क्षमता र सम्भावनाहरुलाई तथ्यगत विवरण तयार गरी चुस्तदुरुस्त राख्ने तर्फ हाम्रो ध्यान जानु पर्दछ । यसका लागि विकास र सेवा प्रवाहलाई सहजीकरण गर्ने गरी अपूर्ण नीति र कानूनलाई पूर्णता दिने तथा आवश्यकता अनुसार नयाँ र नीति र कानून निर्माणमा प्राथमिकता दिनु पर्दछ । नगरपालिकाका संस्थागत संरचनालाई सक्षम र



शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

कार्यमूलक बनाउनुका साथै सो संरचनाहरुको कार्य प्रकृतिको आधारमा प्रवाह गर्ने सेवा र अवस्थितिको सही विश्लेषण गर्न सक्नु पर्दछ । यसका लागि जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गरी अन्य क्षेत्रमा योग्य,विशेषज्ञ र दक्ष जनशक्ति विकास एवं परिचालन गर्न वृहत जनशक्ति विकास एवं परिचालन गर्न वृहत जनशक्ति योजना तर्जुमाको आवश्यकता देखेका छौं । तिलागुंफा नगरपालिकाको आन्तरिक आय वृद्धिका संवाहक कृषि,उद्योग,पर्यटन,जलस्रोत,व्यापार व्यवसाय जस्ता क्षेत्रहरुको सही उपयोग नै हो तथापि सार्वजनिक नीजि र सहकारी क्षेत्रको यसमा सहलगानी तर्फ केन्द्रित गर्न गराउनु हामी सबैको उतिकै दायित्व हो। यसका लागि सम्बन्धित पक्षलाई प्रेरित गर्न सक्नुपर्दछ र कृषिमा आत्मनिर्भर बनाउन,किसानका समस्या सम्बोधन गर्न, कृषि उत्पादनलाई बढावा दिन हरेक वडामा कृषि तथा पशु सेवा प्राविधिक खटाईएको छ । तिलागुफा नगरपालिका कर्णाली प्रदेशकै प्रमुख पर्यटकीय स्थल रारा ताल जाने प्रमुख सडक कर्णाली राजमार्गको मुख्य प्रवेशद्वार भएको र आर्थिक सामाजिक,मानविय एवं पूर्वधार विकासको हिसाबले पछाडि परेको स्थानीय तह हो भने अर्को तर्फ भौगोलिक एवम् हावापानीका हिसाबले जैविक विविधताको कारण सबै मौसम अनूकुल पाइने फलफूल अन्नवाली, पशुपंक्षी वनस्पत्ति लगायतका महत्वपूर्ण जडीबुटि समेत पाइने हुँदा यस नगरपालिकामा विकासका असिमित संभावनाहरु लुकेर बसेको पाईन्छ । यस्तै सम्भावनहरुको व्यवस्थित उपयोगद्धारा नगरपालिकाको दिगो तथा एकीकृत विकास गरी यहाँका नागरिकहरुको जिवनस्तरमा सकरात्मक परिवर्तन ल्याउन यो नगर सभा सभ्वय र भव्य रुपमा सफल हुने विश्वास लिएको छु । साथै यस नगरपालिकाका विद्यमान समस्या तथा चुनौतीहरुको सामना गर्न भएको राजनैतिक समझदारी विकास प्रति जनताको नयाँ उत्साव, चासो र राष्ट्र सेवक कर्मचारीहरुको लगनशीलता, नागरिक समाज ,निजि क्षेत्र, गैर सरकारी संस्था तथा दातृ निकायहरुबाट विकास प्रकृयामा भएको निरन्तर सहयोगले हामी नगरपालिका परिवारको मनोवल उच्च राखेको छ ।

**सभाध्यक्ष ज्यू ,**

**नगरसभा सदस्यज्यूहरु,**

(क) म अब आगामी आ.व. २०८१।०८२ को बार्षिक बजेट,नीति तथा कार्यक्रम निर्माण गर्दा नगरपालिकाले लिएका कानूनी आधारहरु निम्नानुसार छन् ।

क. नेपालको संविधान २०७२(राज्यका निर्दशक सिद्धान्त तथा नीतिहरु) ।
ख. स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ।
ग. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ ।
घ. संघ, प्रदेश र स्थानीय तह ( समन्वय तथा अन्तरसम्बन्ध) २०७७ ।
ङ. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ ।
च. नेपाल सरकारको नीति तथा कार्यक्रम र वर्तमान बजेट ।
छ. प्रदेश सरकारको नीति तथा कार्यक्रम र वर्तमान बजेट ।
ज. स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन,२०७८ ।
झ. नगरपालिकाको ऐन,नियम, निर्देशिका, कार्यविधि र मापदण्ड ।
ञ. नेपाल सरकारको १६ औं पञ्चवर्षिय योजना २०८१-२०८२ देखि २०८५-०८६सम्म।
ट. दिगो विकास लक्ष्य २०१६ देखि २०३० सम्म
ठ. राष्ट्रिय जनगणना,२०७८ को प्रतिवेदनहरु
ड. नगरपालिकाको पञ्चबर्षिय आवधिक योजना २०८१।०८२देखि २०८५।०८६

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

ढ. तिलागुफा नगरपालिका कार्यपालिकाका सबै विषयगत समितिबाट प्राप्त सुझावहरु तथा निर्णयहरु ।

ण. नगर कार्यपालिका तथा नगर सभाका निर्णयहरु ।

त. सर्वदलीय सर्वपक्षीय समीक्षात्मक बैठकबाट प्राप्त राय सुझाव तथा पृष्ठपोषण ।

**(ख) बजेट,नीति तथा कार्यक्रमका प्राथमिकताहरु**

क. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउन योजना तथा कार्यक्रमहरु ।

ख. उत्पादनमूलक र छिटो प्रतिफल दिने योजना तथा कार्यक्रमहरु ।

ग. राजश्व परिचालन र आन्तरिक आयमा उल्लेख्य योगदान पुऱ्याउने योजना तथा कार्यक्रमहरु ।

घ. सेवाप्रवाह, संस्थागत क्षमता अभिवृद्धि, सुशासनमा योगदान पुऱ्याउन योजना तथा कार्यक्रमहरु ।

ङ. स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताको अभिवृद्धि गर्ने योजना तथा कार्यक्रमहरु ।

च. लैङ्गिक सममानता ,सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने योजना तथा कार्यक्रमहरु

छ. दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्याउने योजना तथा कार्यक्रमहरु ।

ज. स्थान विशेषको संस्कृति र पहिचान प्रर्वद्धन गर्ने योजना तथा कार्यक्रमहरु ।

झ. लक्षितवर्गका जिविकोपार्जनमा सघाउ पुऱ्याउने योजना ।

**(ग) बजेट तथा कार्यक्रमले लिएको सोचहरु**

जल,जंगल,खानी उद्योग, पर्यटन, शिक्षा, कृषिमा आधुनिकरण, भौतिक पूर्वाधारको विकास र रोजगारमूलक कार्यक्रम र पालिका स्तरीय सडक संजाल जोड्दै कृषि क्षेत्रमा आधुनिकरण र सोको उत्पादनलाई बजारिकरण तथा यान्त्रिकिकरण गर्ने प्रणाली मार्फत नगरपालिकाको दिगो आर्थिक विकास गरि नगरवासिको जीवन स्तरमा अपेक्षित सुधार ल्याउने सोच लिइएको छ ।

**(घ) बजेटका उद्धेश्यहरु**

क रोजगारी तथा आर्थिक वृद्धिका लागि स्वरोजार मूलक कार्यक्रम मार्फत आत्मनिर्भर बनाउने।

ख भौतिक पूर्वाधार र जलविद्युत उत्पादन मार्फत दिगो तथा फराकिलो आर्थिक उन्नति गरी गरिबी न्यूनीकरणमा जोड दिने ।

ग आत्म निर्भर समाजको निर्माण गर्ने।

घ ज्येष्ठ नागरिक, महिला,दलित फरक क्षमता भएका व्यक्ति पिछडिएको वर्ग तथा समुदायको समानुपातिक विकासमा जोड दिइ उपलब्ध श्रोत साधनहरुलाई न्यायोचित वितरण गर्दे समावेशी र दिगो विकासको अवधारणा आत्मसाथ गर्ने ।

ङ पर्यटकीय गन्तव्यको पहिचान तथा विकास गरी पर्यटन पर्वद्धनमा जोड दिने ।

च विकास सहयात्रीहरु सँगको निरन्तर सहकार्य मार्फत रोजगारीका अवसरहरु सिर्जना गर्ने ।

छ आर्थिक भौतिक, सामाजिक र वातावरणीय क्षेत्रमा दीगो पूर्वाधार विकास मार्फत समुन्नत र सुदृढ नगर बनाई राष्ट्रको विकासमा टेवा पुयाउने ।

ज रोजगारी श्रृजना तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

झ प्रभावकारी सेवा मार्फत सुशासन र मितव्ययितामा आधारित नगरपालिका निर्माण गर्ने ।



शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

ञ) विपद् जोखिम न्यूनीकरण सम्बन्धी आवश्यक पूर्वाधार तयार गर्ने ।

ट रैथाने वालीहरुको संरक्षण प्रवर्द्धन र बजारीकरण गर्दै कृषि आत्मनिर्भर नगरपालिका घोषणाको अभियान साकार पार्ने ।

**(ङ) नगरपालिकाको समग्र विकासका सम्भावनाहरु**

१. पशुपंक्षी तथा मौरीपालन व्यवसायबाट अर्थोपार्जन गर्न सकिने ।
२. बेमौसमी खेती ,अर्गानीक अन्न बाली तथा फलफूल खेतीका माध्यमबाट आय आर्जनमा वृद्धि गर्न सकिने ।
३. नगरपालिका क्षेत्रमा विद्यमान श्रोतहरु जल-जंगल, जडिबुटी, नदिजन्य पदार्थ तथा खनिज जस्ता श्रोतहरुलाई विकास कार्यमा उपयोग गर्न सकिने ।
४. नगरपालिका भित्रका स्वास्थ्य सेवा केन्द्रहरुबाट स्वास्थ्य सेवा प्रवाह गर्नुका साथै विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालहरुसँग साझेदारी गरी घुम्ती सेवा मार्फत स्वास्थ्य सेवालाई नागरिकको घर-घरसम्म पुर्‍याउन सकिने ।
५. नगरपालिकालाई पूर्ण खोप सुनिश्चतता तथा दिगोपनायुक्त पालिकाको रुपमा घोषणा भएको ।
६. न्यायिक समिति तर मेलमिलाप केन्द्रबाट समाजमा सामाजिक द्वन्द व्यवस्थापन भएको ।
७. शिक्षा क्षेत्रमा नगरपालिकाको विषेश ध्यान केन्द्रित भएको ।
८. लैङ्गिक समानता तथा सामाजिक समावशीकरणबाट जनताहरु वढी उत्साहित भएको ।
९. आवधिक योजना, भू- उपयोग योजना र सडक तथा यातायात गुरुयोजना निर्माण भई कार्यान्वयनमा रहेको ।
१०. स्थानीय विपद् व्यवस्थापन समितिको गठन र विपद् व्यवस्थापनका लागि यथोचित रकम विनियोजन र प्रयोग भएको ।
११. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन अनुसार नगरपालिकालाई प्राप्त अधिकार एवम् दायित्वलाई व्यवस्थित गर्ने सन्दर्भमा आवश्यक कानूनहरु तर्जुमा गरी कार्यान्वयनमा आएको ।
१२. विधुतीय शासन पद्धति अन्तर्गत सूचना र प्रविधिको प्रयोग हुँदै आएको।
१३. विकास निर्माणमा जनसहभागितालाई प्राथमिकतामा दिईएको ।
१४. प्राकृतिक श्रोत साधनहरु पर्याप्त रहको ।

**(च) बजेटका चुनौतीहरु**

१. सिमित श्रोत साधनका बापजुद असिमित आवश्यकताहरु सम्बोधन गर्नु पर्ने.
२. भौगोलिक विकटता ।
३. न्यून आन्तरिक आम्दानी
४. विकास प्रति नागरिकको न्यून बुझाई ।
५. विभिन्न तह र क्षेत्रको बजेट विच तादम्यता नहुनु ।
६. प्रतिवद्धता अनुसारको बजेट प्राप्त नहुन ।
७. समुदाय स्तरबाट हस्तान्तरित आयोजनारुको नियमित मर्मत सम्भार नहुन ।

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

(छ) सभाध्यक्ष ज्यू म अब आगामी आ.ब २०८१।०८२ को बजेट,नीति तथा कार्यक्रमहरुले लिएका क्षेत्रगत नीतिहरु :

## आर्थिक विकास

१. तिलागुफा नगरपालिकाको कृषि पार्श्वचित्र तयार गरी लागु गरिनेछ ।

२. कृषि उत्पादनमा वृद्धि गरी उत्पादित वस्तुहरुको बजारीकरण गर्न विकास साझेदार संस्था साहास नेपाल र यस नगरपालिका विच द्धिवपक्षीय सम्झौता गरी कार्यान्वयन गरिने छ ।

३. खाद्यान्न बालीको गुणस्तरिय विउमा नगरलाई आत्मनिर्भर बनाउन कृषकहरुलाई आवश्यक तालिम र प्रशोधन सागाग्रीहरु वितरण गरिनेछ ।

४. कृषि खेतीलाई व्यवसायिक बनाउनको लागि पकेट तथा ब्लक कार्यक्रम मार्फत उच्च मुल्यका वाली वस्तुको खेतीमा जोड दिईनेछ ।

५. आधुनिक व्यवसायिक कृषि खेतीको लागि आवश्यक यान्त्रिकिकरण तथा पूर्वाधारका कार्यक्रम सञ्चालन गरिनेछ ।

६. तिलागुफा नगरपालिकालाई स्याउ ,ओखर,सिमि,आलु, कालो मार्सि,रातो मार्सि धान टिमुर खेती गरी स्थानीय उत्पादनलाई जोनको रुपमा बिकास गरी ब्राण्डिङ्ग गरिनेछ ।

७. एक वस्तु सामुहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन नीति मार्फत आत्मनिर्भर अर्थतन्त्रको विकास गरिनेछ ।

८. कृषि उपज भण्डारको लागि सित भण्डार निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

९. कृषक अनुदानलाई थप प्रभावकारी र पारदर्शि बनाउन उत्पादनका आधारमा प्रोत्साहन अनुदान वितरण गर्ने कार्यलाई निरन्तरता दिनुका साथै सो विषयलाई नियमन गर्न कानून निर्णमा गरिनेछ ।

१०.कृषि पर्यावरण र प्रकृति पर्यटनको प्रवर्द्धन गर्नको लागि "हराभरा तिलागुफाको प्रकृतिलाई ,स्वच्छ,स्वस्थ ,सवल र सक्षम जोनका रुपमा विकास गरी प्रत्येक वडा कार्यालय,सामुदायिक वन,सार्वजनिक स्थान र बस्तीमा वृक्षारोपण गरिनेछ ।

११.भौगोलिक अवस्था र पानीको स्रोतको आधारमा उपयुक्त सिंचाईलाई वर्षभरी प्रयोग गरिनेछ,जस अन्तर्गत साना तथा ठुला सिंचाई,सिंचाई पोखरी निर्माण गरिनेछ ।

१२.कृषिजन्य वस्तुहरुको बजारीकरणका लागि प्रमुख बजारहरुमा कृषि हाटबजार स्थापना गरिनेछ ।

१३.गरिबी निवारणको लागि कृषिजन्य साना लघु उद्यम कार्यक्रम सञ्चालन ल्याईनेछ ।

१४.विभिन्न ठाउँमा घुम्ती माटो परिक्षण शिविर सञ्चालन गरिनेछ ।

१५.पालिकामा उत्पादन हुने रैथाने बालीको संरक्षण तथा प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१६. तिलागुफा नगरपालिकालाई चाहिने दुध र मासु आत्मनिर्भर बनाउनको लागि भैसि तथा भेडा बाखा पालन कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ ।

१७.नगरपालिकाको सहलगानी भित्र रहेका प्रमुख बजार क्षेत्र नाग्मगाड, गाल्जे ,बालीघाट र ठिन्के बजारमा मासु बधशाला निर्माण गरी सहकारी मोडेलमा सञ्चानल गरिनेछ ।

१८. रुडुबञ्जु फुलबारी पाटन सम्म पर्यटकिय पदमार्ग निर्माण गरी नगरपालिकाको सिंगो आर्थिक समृद्धि सँग जोडिनेछ ।

६

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

१९.तिलागुफा नगरपालिका वडा नं.१ नागमगाड देखी वालीघाट टाकुला सम्म र्यााफ्टिङ प्रविधि मार्फत पर्यटन प्रवर्द्धन गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

२०.वडा नं. ७ को वालीघाटमा वोटिङ्ग सेवा सञ्चालको लागि सम्भाव्यता अध्ययन गरी आवश्यक पूर्वाधार निर्माणको कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

२१.मालिका काँध भटारी पर्यटकिय विमानस्थल निर्माणको लागि संघ र प्रदेश सरकार सँग अनुरोध गरिनेछ ।

२२.नगर भित्रका व्यवसायिक कृषकहरुको क्षमता विकासका लागि तालिम तथा भ्रमण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

२३.नगरिभत्र सञ्चालन भएका उद्योगहरुलाई प्रवर्द्धन तथा प्रोत्साहन गरिनेछ ।

२४.गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ लघु उद्यमीहरु उत्पादनलाई निरन्तरता दिईनेछ

२५. रैथाने वाली उत्पादन गर्न किसानहरुलाई उत्पादनका आधारमा अनुदान दिइने व्यवस्थाका लागि मापदण्ड तयरा गरिनेछ ।

२६.तिलागुफा नगरपालिकास्थित सवै प्रकारका सहकारी संस्थाहरुको क्षमता वृद्धि र सहकारी शिक्षामा जोड दिईनेछ ।

२७.निजि क्षेत्र समग्र अर्थतन्त्रको बलियो आधार बनाउन नगर सरकार र निजि क्षेत्रको साझेदारीबाट उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरी रोजगारीका अवसर सृजना जस्ता कार्यक्रममा संयुक्त लगानी गरिनेछ । त्यसको लागि प्राइभेट पाटनरसिप मोडेललाई अवलम्बन गरिनेछ ।

२८. रोजगार मूलक कार्यक्रम सञ्चालन गरी विदेश पलायन हुने यूवाहरुको संख्यालाई न्यूनीकरण गर्दै रोजगारी सिर्जना गरिनेछ ।

२९.समूह,सहकारी र किसानलाई आवश्यक तालिमको व्यवस्था मिलाईनेछ ।

## सामाजिक विकास

१. **राम्रो स्वास्थ्य, हाम्रो सम्पती** (Our Good Health is Better Wealth) भन्ने अवधारणालाई आत्मसात गरी क्रमशः सवै वडाहरुमा विशेषज्ञ शिविर सञ्चालन गरिनेछ ।

२. गुणस्तरीय स्वास्थ्य सेवा हाम्रो प्रतिवद्धता भन्ने मान्यतालाई आधार मानी सवै वडामा रहेका स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारमा सुधार गरी समयानुकुल स्तरोन्नती गर्दै उपलब्ध स्रोत साधनलाई पूर्णता दिदै निःशुल्क औषधि उपचारको नियमित आपूर्तिको सुनिश्चितता गरिने छ ।

३. सम्पूर्ण वडाहरुमा बसोबास गर्ने जेष्ठ नागरिक तथा शारिरिक अपाङ्गता भएका व्यक्तिहरुलाई टोल बस्तीमा पुगेर निःशुल्क स्वास्थ्य परीक्षण गरिनेछ ।

४. विद्यालय स्वास्थ्य तथा नरर्सिङ सेवालाई परीक्षण कार्यक्रमको रुपमा सबै माध्यमिक विद्यालयहरुमा सञ्चालन गरिनेछ ।

५. सबै स्वास्थ्य संस्था, वडा कार्यालय र विद्यालयहरुमा स्तनपान कक्ष र पोषण प्रदर्शनी कक्षको व्यवस्था मिलाईनेछ ।

६. किशोरी र बालबालिकाहरुमा हुने कुपोषणको अवस्थामा सुधार ल्याउन बहु क्षेत्रीय पोषण योजनालाई प्रभावकारी रुपमा लागु गरिनेछ ।



शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

७. तिलागुफा नगरपालिकाको नगर अस्पताल रौंचुली मार्फत हाल प्रदान गरीएका सेवा सुविधालाई निरन्तरता दिदै सुविधा सम्पन्न अस्पतालको रुपमा विकास गर्न संघ तथा प्रदेश सरकारसँग आवश्यक बजेट व्यवस्थापनको लागि प्रबन्ध मिलाईनेछ ।

८. बिगतका नगरसभाबाट पारित भई कार्यान्वन नभएको नगर बस सेवालाई यथाशिघ्र सञ्चालन गर्न आगामी आ .व. २०८१।०८२ को श्रावण महिना भित्र खरिद प्रक्रियालाई अभिलम्ब कार्यान्वयन गर्न आवश्यक बजेटको प्रबन्ध मिलाईनेछ ।

९. स्वास्थ्य सूचना प्रणालीलाई गुणस्तरीय बनाई नगरपालिकाको स्वास्थ्य सम्बन्धि नीति,योजना र रणनीति विकास गर्न प्रभावकारी उपयोग गरिनेछ ।

१०.बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरी सनौलो १००० दिनका आमा तथा शिशुको स्वास्थ्य एवम् पोषणमा विशेष ध्यान दिनुका साथै उनीहरुका लागि मासिक स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

११. नगरपालिका भित्र सञ्चालित बालविकास केन्द्रका कक्षाहरलाई नमुना योग्य कक्षाको रुपमा विकास गर्न सम्पूर्ण शिक्षक तथा कर्मचारीहरुलाई मन्टेश्वरी पद्धतिमा आधारित तालिमको व्यवस्था मिलाईनेछ ।

१२.तिलागुफा नगरपालिका भित्र रहेका सिमान्तकृत समुदायका बालबालिका अपाङ्गता भएका बालबालिका र पिछडिएका बालबालिकालाई थप शैक्षिक सामाग्री तथा छात्रवृत्ति प्रदान गरिनेछ ।

१३.स्थानीय पाठ्यक्रमलाई थप परिमार्जन गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

१४.नगरपालिका क्षेत्रभित्र कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई निजहरु कार्यरत विद्यालयको नतिजाको आधरमा उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक तथा कर्मचारीलाई सम्मान तथा पुरस्कृत गरिने कार्यक्रमलाई कार्यान्यनमा ल्याईनेछ ।

१५. पालिका स्तरमा अन्तर विद्यालय स्तरिय प्रतियोगिता मार्फत विभिन्न विधामा विद्यार्थीलाई सहभागी गराईनेछ ।

१६.जेष्ठ नागरिक हाम्रो इतिहास भन्ने नारालाई सार्थकता दिन ८४ वर्ष पूरा भएका जेष्ठ नागरिकलाई जेष्ठ नागरिक दिवसको अवसरमा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

१७.महिला , बालबालिका, जेष्ठ नागरिक , अपाङ्ग, पिछडिएको वर्ग, दलित , एकल महिला , दन्द्धपिडित नागरिकको सम्मान, प्रवर्द्धन र सशक्तिकरणमा विशेष ध्यान दिईनेछ ।

१८. सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि वायोमेट्रिक प्रणाली लागु गरिनेछ ।

१९.एक घर एक खानेपानी धारा निर्माण कार्यलाई निरन्तरता दिदै नगर भित्र सञ्चालित खानेपानी तथा सरसफाई आयोजनाहरुको मर्मत संम्भार तथा दिगो व्यवस्थापन गरिनेछ ।

२०.पालिकाको जल उपयोग गुरु योजना र खानेपानी सरसफाई तथा स्वच्छता गुरु योजना अनुसार खानेपानी नपुगेका वस्तीहरुमा नयाँ खानेपानी निर्माण गर्ने र मर्मत गर्नुपर्ने योजनाहरु संघीय सरकार प्रदेश सरकार र विकास साझेदार संघ संस्थाहरुको सहकार्य गरी एक घर एक धारा निर्माण कार्यमा निरन्तरता दिइनेछ ।

२१.विद्यालय , स्वास्थ्य संस्था, सामुदायिक भवन , प्रसुति गृह, सरकारी कार्यालय लगायतका सार्वजनिक निकायहरुमा सफा पानीको पहुँच पुऱ्याई महिला अपाङ्गता भएका व्यक्ति र बालबालिकामैत्री शौचालय निर्माण गरी नियमित सरसफाईको व्यवस्था मिलाइनेछ ।

२२.पालिकाको खानेपानी तथा सरसफाइ क्षेत्रको संस्थागत स्व:मूल्यांकन गरी नतिजाका आधारमा आवश्यक सुधार गरिनेछ ।

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

२३.दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरी दिगो विकास लक्ष्य नं ६ बमोजिम सन २०३० सम्म सबैका लागि दिगो र सुरक्षित खानेपानी सुनिश्चित गर्न आवश्यक नीति तथा कानूनहरुको तर्जुमा गरिनेछ ।

२४. पालिकाले जलउपयोग गुरुयोजना अनुसार प्राथमिकीकरण भएका विधमान सबै खाले खानेपानी,सिँचाई लगायतका बहुउपयोगी जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई खानेपानी सरसफाई तथा स्वच्छता ऐन बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई पालिकास्तरमा NWASH Application मार्फत खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

२५.खेलकूद जगत समग्र विकासका लागि क्रिकेट,फुटवल,भलिवल लगायत अन्य विधाका लागि बजेट विनियोजन गरि कार्यान्वयन गरिनेछ ।

२६.सम्पूर्ण वडाहरुमा रहेका सामुदायिक आधारभूत स्वास्थ्य केन्द्रमा प्रसुति गृह सञ्चालनमा ल्याउने कार्य गरिनेछ ।

आदर्णिय सभाध्यक्ष ज्यू,
आदर्णीय सभा सदस्यज्यूहरु

## पूर्वाधार विकास :

१. आ.व २०८०।०८१ मा सञ्चालित क्रमागत आयोजनाहरुलाई भौतिक प्रगतिको आधारमा निरन्तरता दिइने छ ।

२. तिलागुफा नगरपालिकामा संघ र प्रदेशबाट बजेट विनियोजन भई सञ्चालन हुने पूर्वाधारको लागि समपूरक कोषको उचित व्यवस्था गर्न जोड दिइनेछ ।

३. नगर स्तरीय सडक गुरु योजनालाई पूर्णता दिई यथाशिघ्र कार्यान्वयन गरिनेछ।

४. तिलागुफा नगरपालिकाका ११ वटै वडा जोड्ने गरी चक्रपथलाई नगरपालिकाको गौरवको आयोजनाको रुपमा अगाडि बढाईने छ । .

५. नगरपालिकाका ११ वटै वडाहरु मध्ये राष्ट्रिय विद्युत प्रशारण लाईनसँग जोडिन बाँकी रहेका वडा तथा टोल बस्तीहरुमा विद्युतीकरण गर्न कार्यलाई निरन्तरता र र संम्भव नदेखिएको नगरपालिकाका बस्तीहरुमा सौर्य प्रणाली मार्फत विद्युतीकरण गरिने छ ।

६. नगरपालिका भित्र सञ्चालित ग्रामीण कृषि सडकहरुलाई निरन्तरता दिदै गाल्जे बालीचौर छाप्रे सडक खडकको टेण्डर प्रकृया तत्काल कार्यान्वयन ल्याइने छ ।

७. प्रधानमन्त्री तथा मुख्य मन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाहरुको गुणस्तरियता वृद्धि गर्नुका साथै नागरिकको अपनत्व श्रृजना हुने निति अवलम्बन गरिने छ ।

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

८. नगरपालिकाबाट सञ्चालन हुने विकास आयोजनाको लागि व्यवस्थित प्रणाली उपयोग गरी प्रभावकरी सेवा प्रदान तथा चुस्त अभिलेख व्यवस्थापन जोड दिइने छ ।

९. वडाको प्रशासनिक कामकाज गर्न वडा कार्यालय भवन नभएका वडाहरुमा वडा कार्यालय भवन निर्माणका लागि आवश्यक पहल गरिने छ

१०. भौतिक पूर्वाधार आयोजनाहरुको फिल्ड स्तरमा सार्वजनिक सुनुवाई,लेखापरीक्षण, कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गरिने ।

१. मानव बस्ती विकास, सहकारी विकास योजना ,आवासीय तथा प्रशासनिक भवन निर्माणको लागि आधारभूत मापदण्डलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम LISP कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

३. तिलागुफा नगरपालिका अन्तर्गत विभिन्न वडाबाट कर्णाली राजमार्गसँग सडक र कर्णाली राजमार्ग विच तिला नदीको माथि वडा नं २ मुजउ, वडा नं ६ गाल्जे , वडा नं ९ भैसीगौडा जोड्ने मोटरएवल पुल निर्माणका लागि संघ, प्रदेश सरकारलाई अनुरोध गर्ने र तत्कालका लागि बेलिब्रिज निर्माणका लागि आवश्यक पहल कदमी गरिने छ ।

## संस्थागत सेवा र सुशासन

४. नगरपालिकाको दिगो विकासलाई संस्थागत गर्न नगर स्तरीय आयोजनाहरुको क्षेत्रगत परियोजना बैक निर्माण गरी लागु गर्न आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।

५. तिलागुफा नगरपालिकाको Locala Government Self Assessment LISA )/तथा FIDUCIARY RISK ASSESSMENT मा लेखिएका कमजोर र सबल पक्षको पहिचान गर्दै कार्ययोजना निर्माण गरी संस्थागत सुधारलाई निरन्तरता दिइनेछ ।

६. नगरबासीको सूचनाको हक सुनिश्चित गर्दै तिलागुफा नगरपालिका मुख्य स्थानहरुमा स्थान जानकारी पाटी Location Information Board तथा GIS Map को व्यवस्था गरिनेछ ।

७. कार्यालयमा सबैले देख्ने गरी डिजीटल नागरिक वडापत्र, स्मार्ट बोड ईहाजिरी तथा सिसिटिभिका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

८. नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको पेशागत क्षमता अभिवृद्धि गर्न अन्तरजिल्ला अध्ययन अवलोकन भ्रमण र सिकाई आदान प्रदान जस्ता कार्यक्रमहरु आयोजना गरी लागु गरिने छ ।

९. विवाद समधानमा न्यायिक समिति भन्ने मूल मर्मलाई आत्मसाथ गर्दे नगरपालिका तहको विवादलाई नगर पालिका स्तरमा छलफल वार्ताका माध्मबाट आपसी समझदारी र मेलमिलाप विधिबाट न्यायिक मान्य सिद्धान्तको अधिनमा रही नगरपालिकाको न्यायिक प्रणालीलाई स्वतन्त,निश्पक्ष,पहुँचयोग्य र विश्वशनीय बनाईनेछ ।

१०. कार्यालयका सम्पूर्ण सूचनाहरुलाई व्यवस्थित गर्नका लागि सूचना केन्द्रलाई थप व्यवस्थित गरिने छ ।

११. न्यायियक समितिको काममा चुस्त,दुरुस्त,गुणस्तर तथा गोपनियता ल्याउनको लागि व्यवस्थित इजलासको निर्माण तथा न्यायिक मामिला व्यवस्थापन प्रणालीको शुरुवात गरिने छ ।



शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

१२. सार्वजनिक सुनुवाई,सामाजिक परिक्षण,नागरिक सन्तुष्टि सर्वेक्षण जस्ता सुशासनका प्रवर्द्धनका औजारहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
१३. नगरपालिकाको दैनिक गतिविधको बारेमा बेवसाइट,सामाजिक सञ्जालबाट जानकारी गराईनेछ ।
१४. व्यवसाय दर्ता तथा नविकरण वडा कार्यालयबाट गर्ने व्यवस्था मिलाईनेछ ।
१५. तिलागुफा नगरपालिका भित्र सञ्चालित उद्योग तथा व्यवसायहरुलाई तिलागुफा नगरपालिकाको आर्थिक ऐन २०८१ बमोजिम करको दायरामा ल्याउन फर्म तथा व्यवसाय सूचिकृत गर्न कार्यलाई थप प्रभावकारी बनाईने छ ।
१६. आन्तरिक राजस्बको क्षमता अभिवृद्धि गर्न कर योग्य दायर क्षेत्र विस्तार गरी पालिका स्तरीय राजस्व सुधार योजना २०७८ लाई परिमार्जन तथा अध्यावधिक गरिने छ ।
१७. नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा रहेका कर्मचारीहरुको परिचालन सम्बन्धि प्रचलित मापदण्डमा संशोधन गरी व्यवस्थापन गरिने र कार्य प्रगतिको आधारमा र कार्य सम्पादनको आधारमा कर्मचारीहरुको स्व:मूल्यांकन गरी निजहरुलाई प्रोत्साहन तथा पुरूस्कृत गरिनेछ ।
१८. यस नगरपालिकाका ११ वटै वडांहरुमा रहेका सामुदायिक मेलमिलाप केन्द्रहरुलाई व्यवस्थित गर्न संस्थागत क्षमता विकास र कार्यालय व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

**आदरणीय नगर सभाका सदस्यज्यूहरु ,**

## वन वातावरण तथा विपद् व्यवस्थापन

१. प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनलाई न्यूनीकरण गर्न विपद् व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरि वडा स्तरमा विपद् व्यवस्थापन कोष स्थापना गरिनेछ ।
२. जलवायु परिवर्तनको असरले लोप हुँदै गएका ,अतिक्रमणमा परेका र प्राथमिकतामा नपरेका,सामुदायिक कुवा नाउलाहरुलाई, सामुदायिक वन उपभोक्ता समितिहरुको सहकार्यमा निर्माण,पुन:निर्माण , संरक्षण र पुनस्थापना गरिनेछ ।
३. भू उपयोग नीति तर्जुमा तथा जथाभावी सार्वजनिक जग्गा भोगचलन गर्न कार्यलाई निरुत्साहित गरिनेछ ।
४. अतिक्रमण गरिएका सार्वजनिक जग्गाहरुको पहिचान गरी नगर पालिकाको स्वामित्वमा ल्याउने कार्यमा पहल गरिनेछ ।
५. नगरपालिकामा सञ्चालित नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम तर्फ स्थानीय अनुकुलन कार्ययोजना लापालाई प्रभावकारी रुपमा कार्यान्वयन गरी समुदायको दिगो विकास तथा गरिबी न्यूनिकरणमा सहयोग पुऱ्याउने गरी सो कार्यक्रमको निरन्तरता लागि अनुरोध गरिनेछ ।
६. यस नगरपालिकामा पाइने मौसमी तथा बेमौसमी जडीबुटीहरुको स्रोत संरक्षण गरि सम्बन्धित वडाको पायक पर्ने स्थानमा जडीबुटी प्रशोधन केन्द्र स्थापन गर्न आवश्यक पहल गरिने छ ।



शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

७. नगर भित्रको सामुदायिक तथा राष्ट्रिय वन क्षेत्रमा निर्माण हुने सडकलगायत अन्य विकास पूर्वाधार निर्माण कार्यहरु सञ्चालन गर्दा वातावरण मैत्री बनाउने गरी बायोईन्जिनियरिंग कार्यक्रम सञ्चालन गर्न सम्बन्धित सरोकारवाला निकायाहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालनमा जोड दिइने छ ।

८. बाह्रै महिना विभिन्न बस्तीहरुमा हरियाली बनाउन एक घर एक बिरुवा वृक्षारोपण कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।

९. नगरपालिका स्तरीय खानेपानी सरसफाई,ढल निकास तथा फोहोरमैला व्यवस्थापनका लागि पञ्चवर्षिय योजना निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।

१०. सडक नदी किनारामा,सार्वजनिक स्थानमा वृक्षारोपण कार्यकम प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

११. यस नगरपालिका अन्तर्गत रुरु बञ्जु , पुगमालिका ,पूर्वियामुला ,बजेडीचौर र तिलागुफा पर्यटन प्रवद्धन तथा विकासका लागि आवश्यक बजेटमाग गरी पर्यटक प्रवर्द्धनमा जोड दिइनेछ ।

१२. तिलागुफा नगरपालिका भित्र रहेका सामुदायिक वनहरुलाई हरिबरा बनाउन डिभिजन जिल्ला वन कार्यालयसँग समन्वय गरी लागत साझेदारिमा वृक्षारोपण तथा घेरवार र आगोलागि नियन्त्रण गर्न आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

आदरणीय नगर सभा सदस्यज्यूहरु

सञ्चित कोष तथा दातृ निकायबाट विनियोजन बजेटको रुपरेखा यस प्रकार छ ।

| क स | शिर्षकहरु | चालु आ.व. २०८१-०८२ प्रक्षेपण बजेट | कैफियत |
|---|---|---|---|
| क | समानिकरण अनुदान,राजश्व बाँडफाँड र आन्तरिक आयको क्षेत्रगत विनियोजन | | |
| १ | आर्थिक विकास तर्फका योजना तथा कार्यक्रमहरु | ८०००००० | असी लाख |
| २ | सामाजिक विकासका योजना तथा कार्यक्रमहरु | ४००००००० | चार करोड |
| ३ | पुर्वाधार विकासका योजना तथा कार्यक्रमहरु | २००००००० | दुई करोड |
| ४ | वन वातानरण तथा विपद् व्यवस्थापनका योजना तथा कार्यक्रम | १००००००० | एक करोड |
| ५ | संस्थागत तथा सेवा प्रवाह तथा सुशासन | ११३१८२००० | एघार करोड एकतीस लाख बयासी हजार मात्र |
| ६ | नगर साझेदारी कोष | २००००००० | दुई करोड |
| ७ | नगर बस सेवा सञ्चालन | १००००००० | एक करोड |
| | जम्मा | २२११८२००० | बाइस करोड एघार लाख बयासी हजार मात्र |
| ख | संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त सशर्त,सम्पूरक | | |
| १ | सशर्त अनुदान संघीय सरकार चालु | २००१००००० | बीस करोड एक लाख |
| २ | संघीय सरकार पूँजीगत | ३३००००० | तेत्तिस लाख |
| ३ | सामाजिक सुरक्षा | १००००००००० | दश करोड |
| ४ | सशर्त अनुदान प्रदेश सरकार चालु | १८८५००० | अठार लाख पचासी हजार |
| ५ | सशर्त अनुदान प्रदेश सरकार पूँजीगत | २९०००००० | दुई करोड नब्बे लाख |
| ६ | संघीय सम्पूरक अनुदान | १०५००००० | एक करोड पाँच लाख |
| ७ | स्थानीय विकास कार्यक्रम र साझेदारी | ४००००००० | चार करोड |
| ७ | जम्मा सशर्त संघीय सरकार तथा प्रदेश सरकार | ३८४७८५००० | अठतीस करोड सट्चालीस लाख पचासी हजार मात्र |
| ग | **गैर सरकारी संस्था तर्फ** | | |
| १ | रेडक्रस नेपाल | १००००००० | एक करोड |
| २ | कर्णाली जलपरियोजना | १७४०९२६१ | एक करोड चबत्तर लाख नौ हजार दुई सय एकसठी रुपैया |



शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ३ | सहयोगी हातहरुको समूह सहास नेपाल | ९०००००० | नब्बे लाख |
| ४ | भिडिसेफ नेपाल | ५५९८०० | पाँच लाख उनसाठी हजार आठ सय |
| ५ | नेपाल राष्ट्रिय समाज कल्याण संघ | २६०७८७५ | छब्बीस लाख सात हजार आठ सय पचहत्तर रुपैया |
| ६ | कारीतास नेपाल विपद् | ३४३०००० | चौतीस लाख तीस हजार मात्र |
| ७ | गैर सरकारी संस्था तथा अन्य संघ संस्था तर्फ | ४३००६९३६ | चार करोड तीस लाख छ हजार नौ सय छतीस रुपैया मात्र |
| | कुल जम्मा | ६४८९७३९३६ | चौसट्ठी करोड उनान्ब्बे लाख त्रियत्तर हजार नौ सय छत्तीस रुपैया |

अन्त्यमा,

आजको यस गरिमामय नगर सभामा प्रस्तुत गरिएको नीति तथा विनियोजित बजेटबाट तिलागुफा नगरपालिकाको भौतिक पूर्वाधार, आर्थिक तथा सामाजिक क्षेत्रको समग्र विकासमा सहयोग पुग्ने विश्वास लिएको छु । प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुयाउनु हुनें नगरपालिकाका आदरणीय नगर प्रमुखज्यू वडा अध्यक्ष लगायत सम्पूर्ण पदाधिकारी नगर सभाका सदस्य कर्मचारी संचारकर्मी, नागरिक समाज लगायत बजेट तर्जुमा प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुयाउनु हुने सम्पूर्ण नगरबासीहरुलाई धन्यवाद दिन चाहन्छु ।

महेन्द्र बहादुर शाही
नगर उपप्रमुख
तिलागुफा नगरपालिका कालीकोट